भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. ३ :**

यस गाउँपालिकालाई अर्गानिक गाउँपालिका स्थापनाको लागि कर्णाली प्रदेश सरकारले अर्गानिक मोडेल कार्यक्रम सुरु गरेको र हसेरा कृषि अनुसन्धान केन्द्रको आयोजनामा संचालन हुने प्राङ्गारिक कृषि प्रमाणिकरण सम्वन्धी तालिममा सहभागि हुन जाने भगवतीमाई गाउँपालिका वडा नं. ५ का एग्रोभेट प्रोपराईटर श्री निर्मला खड्कालाई यातायात खर्च र प्रवेश शुल्कको लागि रु.१५००० सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. ६ का व्याटमिन्टन खेलाडी श्री खगेन्द्रबहादुर सिंह र वडा नं. ७ का व्याटमिन्टन खेलाडी श्री नेत्रबहादुर बुढा पुष्पलाल स्मृति राष्ट्रिय खेलकुद प्रतियोगितामा व्याटमिन्टन विधामा भाग लिन इटहरी जाने भएको र निजहरुले सहयोगको लागि अनुरोध गरेको हुँदा प्रोत्साहन स्वरुप प्रति खेलाडी रु.१०००० खेलकुद प्रतियोगिता शिर्षकबाट खर्च गर्ने गरी सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत संचालन हुने योजनाहरुको लागत, परिमाण र गुणस्तरीयताको अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण दिने कार्यको लागि देहाय वमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | |
|---|---|
| क) उपाध्यक्ष श्री चन्द्रा रेग्मी | –संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | –सदस्य |
| ग) कार्यपालिका सदस्य श्री पवित्रा नेपाली | –सदस्य |
| घ) कार्यपालिका सदस्य श्री डम्वरबहादुर तिरुवा | –सदस्य |
| ङ) योजना शाखा प्रमुख | –सदस्य सचिव |

**निर्णय नं. ६:**

यस गाउँपालिका अन्तर्गत संचालन हुने विभिन्न निर्माण कार्य र अन्य सेवाको प्रयोजनको लागि गाउँपालिका दररेट सिफारिस समितिबाट सिफारिस भए वमोजिम निम्नानुसार दररेट स्वीकृत गर्ने निर्णय गरियो ।